११०२१६९८

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३०६/२०७०/०७१

निर्णय नं. ७१४

महोत्तरी जिल्ला बनौली दनौली गा.वि.स. स्थायी घर भई हाल भ.पु.जि. मध्यपूर थिमी न.पा. वडा नं. १६ मनोहरा, लोकन्थली बस्ने शारदा भुषाल (झा) ..............................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी), कोटेश्वर काठमाडौं.................१ विपक्षी
सूचना अधिकारी, एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी), कोटेश्वर काठमाडौं .............१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

महोत्तरी जिल्ला बनौली दनौली गा.वि.स. स्थायी घर भई हाल भ.पु.जि. मध्यपूर थिमी न.पा. वडा नं. १६ मनोहरा, लोकन्थली बस्ने शारदा भुषाल (झा) ले एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी), कोटेश्वर काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०२।०८ मा पुनरावेदन गरेको । आयोगबाट २०७१।०५।२९, २०७१।०७।२५ मा भएको आदेश कार्यान्वयनको लागि मिति २०७१।०३।३२, २०७१।०५।२९, २०७१।०७।२५ को पत्र प्रेषित गरेको । तत् पश्चात आयोगको मिति २०७२।०५।१४ च.नं. ६५ को पत्रद्वारा एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी), कोटेश्वर काठमाडौंलाई सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सम्बन्धमा उक्त एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी), कोटेश्वर काठमाडौंले मिति २०७२।०६।०८, च.नं. २६ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरी सकिएको भनी आयोगलाई जानकारी गराईएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल चैत्र ११ गते रोज ५ शुभम् ।